समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

**खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।**

## नगरकार्यपालिकाको बैठक

**बैठक मितिः** २०८१/१२/२१ **बैठक संख्याः** ६०

**बैठक प्रारम्भ समयः** विहानको ८:०० बजे **बैठक समापन समयः** बजे

**आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।**

**निर्णयहरु**

१. खाँदबारी नगरपालिकाको आ.व. २०८१/८२ को लागि सोह्रौँ नगरसभाबाट विनियोजन भएको योजना तथा कार्यक्रमहरु विषयगत समिति, शाखागत र वडा समितिबाट पेश भएको संशोधन स्वीकृत गरी आगामी नगरसभाको बैठकमा पेश गर्ने ।

२. खाँदबारी नगरक्षेत्रभित्रका देहाय अनुसारका योजनाहरुको लगत इस्टीमेटका आधारमा विस्तृत योजना प्रतिवेदन (DPR) तयार गर्नुपर्ने देखिएमा योजना कार्यान्वयनको प्राथमिकताको आधारमा उपर्युक्त श्रोतबाट तपशिलका योजनाहरूमा विस्तृत योजना प्रतिवेदन तयार गरी आवश्यक कार्य अगाडि बढाउने ।

**देहाय :**

**क.** मनकामनाधाम क्षेत्रमा माटो परीक्षण कार्य, खाँदबारी नगरपालिका वडा नं. ९

**ख.** खाँदबारी सभागृह निर्माणस्थल माटो परीक्षण तथा विस्तृत योजना प्रतिवेदन (DPR)

**ग.** वागिश्वरी मा.वि. माटो परीक्षण कार्य

**घ.** क्रिकेट मैदान निर्माणको लागि विस्तृत योजना प्रतिवेदन (DPR)

**ङ.** सुमनचोक - चेवा जाने बाटो स्तरोन्नती र किराँत समाधिस्थल जानेबाटो स्तरोन्नतीको लागि लागत अनुमान तयार गरी सम्बन्धित निकायमा पेश गर्ने ।

३. खाँदबारी खानेपानी उपभोक्ता तथा सरसफाई संस्थालाई देउरालीदेखि मांसिमासम्मको पाइपलाइन मर्मत/विस्तारको लागि प्राविधिक लागत अनुसारको कार्य गर्न कामको आधारमा मागबमोजिम मूल्याङ्कन गरी आवश्यक रकम नियमानुसार उपलब्ध गराउने ।

४. खाँदबारी खानेपानीको अध्ययन/अवलोकनको लागि नेपाल खानेपानी संस्थानलाई अनुरोध गर्ने ।

५. जिल्ला अस्पताल, सङ्खुवासभाको CT SCAN MACHINE खरिदको लागि प्रदेश सरकारबाट चालू आ. व. २०८१/८२ को लागि विनियोजन भएको योजना/कार्यक्रम स्थगित भएको भनी स्वास्थ्य मन्त्रालय, कोशी प्रदेशबाट जारी भएको सूचनासम्बन्धमा उक्त कार्यक्रम कटौती नगरिदिनुहुन भनी प्रदेशस्थित श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र श्री स्वास्थ्य मन्त्रालयमा चालू आ. व. मा नै कार्यान्वयनको लागि अनुरोध गर्ने ।

६. चालू आ. व. मा खाँदबारी नगरपालिकालाई प्राप्त हुने समानीकरण अनुदानमा बजेट सिलिङको १३% कटौती भई प्राप्त हुनेसम्बन्धी श्री महालेखा नियन्त्रक कार्यालयबाट जानकारीमूलक परिपत्र जारी भएकोसम्बन्धमा उक्त अवस्थालाई मध्यनजर गर्दै नगरपालिकामा सम्झौता हुन बाँकी रहेका योजनाहरु र सम्झौता भएका तथा कार्यान्वयन नभएका योजनाहरु नगरसभा मार्फत योजना संशोधन गरी बजेट अभाव हुन नदिने ।

७. नगरपालिकामा सहयोगको लागि भनी प्राप्त हुने साहित्यिक र अन्य पुस्तक (स्थानीय पाठ्यक्रममा समावेश भएको र कानुनसम्बन्धी पुस्तक बाहेक) लाई सहयोग नगर्ने ।

८. नगरकार्यपालिका सदस्य र वडा सचिवहरुलाई सेवाप्रवाहसम्बन्धी पुनर्ताजगी तालिम सञ्चालन गर्ने ।

९. श्री जालपा आ.वि. योगीडाँडाको भौतिक पूर्वाधार अभावमा पठनपाठन कार्यमा असहज भएको नगर प्रमुख/नगर उपप्रमुखसहितको टोलीको स्थलगत निरीक्षणबाट देखिएकोले उक्त विद्यालयको अत्यावश्यक भौतिक पूर्वाधारहरु सुधार

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

**खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।**

## नगरकार्यपालिकाको बैठक

**बैठक मितिः** २०८१/१२/२१ **बैठक संख्याः** ६०

**बैठक प्रारम्भ समयः** विहानको ८:०० बजे **बैठक समापन समयः** बजे

गर्ने र श्री महेन्द्र मा.वि. मानेभञ्ज्याङ तथा श्री हिमालय मा.वि. खाँदबारीमा कक्षा १२ को परीक्षा सञ्चालनको लागि प्रश्नपत्र प्रिन्ट गर्न फोटोकपी मेसिन व्यवस्थापन गर्ने ।

१०. खाँदबारी नगरपालिकाको आ.व. २०८१/८२ को लागि महिलाहरुलाई टेम्पो ड्राइभिङ तालिम सञ्चालन सम्बन्धमा विनियोजित रकम अनुसार प्रत्येक वडाबाट २/२ जनाको दरले तालिम सञ्चालन गर्ने निर्णय भएकोमा बजेट अभावको कारण प्रत्येक वडाबाट १/१ जनाका दरले तालिम सञ्चालन गरिएको भनी सम्बन्धित शाखाबाट कार्यान्वयन भएको कार्य अनुमोदन गर्ने ।

११. संघीय मन्त्रालयमा आ.व. २०८२/८३ को लागि बजेट/योजना मागसम्बन्धी कार्यको लागि हुने नगरप्रमुखज्यूको भ्रमण अनुमोदन गर्ने ।

१२. खाँदबारी नगरक्षेत्रमा बाँदर नियन्त्रण/व्यवस्थापनसम्बन्धी कार्यविधि तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने तथा उक्त कार्यक्रम सञ्चालनको लागि उपर्युक्त शीर्षकबाट रु. १,००,०००।- विनियोजन गर्ने ।

१३. खाँदबारी नगरपालिका वडा नं. ९ स्थित उत्तर दक्षिण कोशी सडकको सभाखोलामा रहेको पक्की पुलमुनी गत बर्षात्को समयमा आएको बाढीले ढुङ्गा, वालुवा थुपारी खोलाको वहाव एकत्रित भई पक्की पुलको दक्षिणपट्टीको भूभागमा कटान गरेको कारण उक्त पुल जोखिममा रहेको र उक्त पुलमुनीको ५०० मिटर दाँयाबाँया खानीजन्य पदार्थ उत्खनन् गर्न स्थानीय तहमार्फत नियमानुसार नमिल्ने भएको कारण IEE प्रतिवेदनमा समेत उल्लेख नभएकोले उत्खनन् गर्न नसकिएको साथै तत्काल उक्त सामाग्री नहटाएमा यस पटकको बर्षायाममा पुलमा थप क्षति हुनसक्ने भएकोले जिल्ला विपद् व्यवस्थापन समितिमार्फत आवश्यक कार्य अगाडी बढाईदिन अनुरोध गर्ने ।

१४. नगरक्षेत्रभित्रका नगरवासीहरुको विद्युत महशुल भुक्तानी सम्बन्धमा प्रत्येक वडामा हरेक महिना एक पटक घुम्ती सेवा सञ्चालन गर्न नेपाल विद्युत प्राधिकरण, खाँदबारी बितरण केन्द्रलाई अनुरोध गर्ने ।

१५. खाँदबारी नगरपालिका वडा नं. २ र १० जोड्ने खड्कुले दह ट्रष्ट ब्रिज निर्माणको लागि प्राप्त बजेट कार्यान्वयन गर्न निर्देशन दिने ।

१६. खाँदबारी नगरपालिकाको न्यायिक समितिले उजुरीको कारवाही किनारा लगाउँदा अपनाउनुपर्ने कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ मा आवश्यक संशोधनको खाँदबारी नगरपालिकाको न्यायिक समितिले उजुरीको कारवाही किनारा लगाउँदा अपनाउनुपर्ने कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ आगामी नगरसभाको बैठकसमक्ष पेश गर्ने ।

१७. खाँदबारी नगरपालिकाको करारमा कर्मचारी छनौटसम्बन्धमा छनौट समितिको निर्णयानुसार पेश भएको पाठ्यक्रममा उल्लेख भएको विषयवस्तुको आधारमा लिखित परीक्षाको हकमा वस्तुगत परीक्षा मात्र सञ्चालन गरी यथाशिघ्र छनौट प्रकृया अगाडी बढाउन स्वीकृति दिने ।

१८. खाँदबारी नगरक्षेत्रमा रमाइलो मेला सञ्चालनको लागि विभिन्न क्लब/संस्थाहरुले कार्यालयमा निवेदन पेश भएको सम्बन्धमा खाँदबारी नगरपालिका वडा नं. ७ को खेलमैदान बाहेक अन्य क्षेत्रमा नियमानुसार सम्बन्धित निकायहरुको सहमतिसहित आएमा अनुमति दिने ।

१९. खाँदबारी नगरपालिकाको चालू आ. व. को मेयर विविध कार्यक्रम र उपमेयर विविध कार्यक्रम अनुसार विनियोजन भएका योजना तथा कार्यक्रमहरु अनुमोदन गर्ने ।

[illegible]

प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

**खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।**

## नगरकार्यपालिकाको बैठक

**बैठक मितिः** २०८१/१२/२१ **बैठक संख्याः** ६०

**बैठक प्रारम्भ समयः** विहानको ८:०० बजे **बैठक समापन समयः** बजे

---

२०. खाँदबारी नगरपालिका वडा नं. ४ को डाँडागाउँ टोलमा सेकाहाबाट गएको खाँदबारी खानेपानीको पाइपलाइनबाट डाँडागाउँ टोलमा १ धारा जडान गर्न खाँदबारी खानेपानी उपभोक्ता तथा सरसफाई संस्थालाई निर्देशन दिने ।

२१. खाँदबारी नगरपालिकामा सञ्चालित सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत फुसको छानो हटाई जस्तापाता लगाउने कार्यको लागि ५९ औ कार्यपालिका बैठकमा भएको निर्णय देहाय अनुसार संशोधन गर्ने ।

**देहाय :**

- खाँदबारी नगरपालिका वडा नं. १ मा श्री धनकुमारी विश्वकर्मा लाभग्राही थप गर्ने ।
- खाँदबारी नगरपालिका वडा नं. २ मा श्री लालबहादुर कार्कीको स्थानमा श्री समबहादुर कार्की लाभग्राही कायम गर्ने ।
- खाँदबारी नगरपालिका वडा नं. ४ मा श्री मनमाया गुरुङ, श्री गंगामाया राई, श्री अर्जुन राईको स्थानमा श्री दिलकुमार राई, श्री निमा शेर्पा र श्री चन्द्रबहादुर राईलाई लाभग्राही कायम गर्ने ।
- खाँदबारी नगरपालिका वडा नं. ६ मा श्री जीतबहादुर तामाङको स्थानमा श्री जीतबहादुर मगर लाभग्राही कायम गर्ने ।
- खाँदबारी नगरपालिका वडा नं. ८ मा श्री धनकुमारी विश्वकर्माको स्थानमा श्री धनबहादुर विश्वकर्मा लाभग्राही कायम गर्ने र श्री ताराविर राई लाभग्राही थप गर्ने ।
- खाँदबारी नगरपालिका वडा नं. ११ मा श्री दिनेशकुमार राईको स्थानमा श्री बालकुमार राई लाभग्राही कायम गर्ने

२२. खाँदबारी नगरपालिका वडा नं. ४ स्थित पांमा रङ्गशाला विस्तारको लागि जग्गा प्राप्ति सम्बन्धमा प्रारम्भिक कारवाही चलाउने अधिकारीले पेश गर्नुभएको प्रतिवेदन श्री जिल्ला प्रशासन कार्यालयमा कार्यान्वयनको लागि पठाउने ।

२३. मित्रराष्ट्र चिन सरकारको सहयोगमा PROJECT AID TO NEPAL कार्यक्रम अन्तर्गत खाँदबारी नगरपालिका वडा नं. ९ स्थित श्री वागीश्वरी मा. वि. ढुङ्गेधाराको भवन निर्माण कार्यको लागि MOU ON PROJECT AID TO NEPAL को कार्यान्वयन ढाँचा अनुसार श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत देहायबमोजिम आयोजना प्रस्ताव पेश गर्ने ।

**आयोजनाको नाम** : श्री वागीश्वरी मा. वि. भवन निर्माण

**आयोजनास्थल** : खाँदबारी न. पा. ९

**आयोजनास्थलमा सडक/खानेपानी/विद्युतको पहुँच** : भएको

**लाभान्वित घरधुरी** : करिव ७०० घर

**आयोजनाको लागत अनुमान** : रु. ५०,९९६,०२५।२५ मू. अ. कर/कन्टिजेन्सी सहित

**प्रस्तावित कार्यक्रमले अन्य कार्यक्रमसँग परिपुरकता गर्छ/गर्दैन** : गर्छ

**नगरपालिकाको विषयक्षेत्रगत योजनाको प्राथमिकतामा परे/नपरेको** : परेको

**नगरपालिकाको गत आ. व. को यथार्थ आय** : करिव ३ करोड ८५ लाख

**आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो ।**

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

[illegible]
प्रमुख प्रशासकीय अधिकृत